४८ औं वैठक

आज मिति २०७७/०२/१५ गतेका दिन दिउँसो ३:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १। | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २। | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३। | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४। | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५। | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६। | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७। | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८। | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९। | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०। | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११। | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२। | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३। | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४। | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५। | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६। | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७। | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८। | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १९। | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०। | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१। | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२। | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३। | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४। | श्री कल्याणी सिंह | कार्गापालिका सदस्य | |
| २५। | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७। | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८। | श्री रिप्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९। | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०। | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

Scanned with CamScanner

**निर्णय नं. १**

COVID-19 रोग नियन्त्रण, व्यवस्थापन र रोकथामका लागि प्रचलित नेपाल कानूनमा व्यवस्था भए बमोजिम (१-१९) वडा कार्यालयहरुमा स्थापना भएका क्वारेन्टिनहरु व्यवस्थापन गर्न तपसिल बमोजिम गर्ने निर्णय गरियो।

क. वडा अन्तर्गत स्थापित क्वारेन्टिनहरुका लागि प्रत्येक वडाहरुलाई चालु आ.व. ०७६/७७ मा उल्लिखित कार्यको व्यवस्थापन गर्न अधिकतम रु. ५०, ०००/- बजेट खर्च उपलब्ध गराउने।

ख. प्रत्येक क्वारेन्टिनमा सम्बन्धित विद्यालयको कार्यालय सहयोगी वा सम्बन्धित वडाका स्वयंसेवक परिचालन गर्ने र सो का लागि प्रति दिन रु. ३००/- क दरले वडा अध्यक्षको सिफारिसको आधारमा आषाढ मसान्तसम्म काममा लगाउने र भुक्तानी दिने।

ग. उल्लिखित सि. नं. क र ख को लागि खर्च प्रचलित कानून अनुसार वडाले नै गरी अन्तिम भुक्तानीको लागि विल भरपाई नगरपालिका कार्यालयमा पेश गर्ने।

घ. सि. नं. क र ख को हकमा खर्चको श्रोत नगरपालिकाको COVID-19 कोषबाट खर्च लेंख्ने।

ङ. अब उप्रान्त नगरपालिकाको गेटमा प्रवेश गर्दा अनिवार्य रुपमा गेटबाट साबुन पानीले हात धोई नगर प्रहरीले अनुमति दिए पछिमात्र कार्यालयमा प्रवेश गर्न लगाउन नगरपालिका कार्यालयलाई अख्तियारी प्रदान गर्ने।

च. उल्लिखित अत्यावश्यक सामानको हकमा अत्यावश्यक विद्युत, खानेपानी, सरसफाई र सरसफाईजन्य सामाग्रीहरु हुनेछन्। साथै सरसफाई र सरसफाईजन्य सामग्री थप आवश्यक परेमा आवश्यकताको पुष्टि यस कार्यालयको स्वास्थ्य शाखाले गरी सोका आधारमा नगरपालिका कार्यालयले खरिद गर्ने।

**निर्णय नं. २**

स्वीकृत बोलपत्रका आपूर्तिकर्ता द्वारा उपलब्ध भएको खाद्य सामग्रीलाई राहत वितरण गर्न, स्वीकृत मापदण्ड, २०७६ को कानूनी व्यवस्था बमोजिम यस उप-महानगरपालिकाको मिति २०७७/०१/१६ गतेको निर्णय नं. १ को देहाय तपसिल खण्ड 'क' र 'ख' को समर्थन कार्यादेश अनुसार खाद्य सामग्री राशन सप्लाई गरी प्रचलित राहत वितरण, २०७६ को कार्यविधिगत व्यवस्था बमोजिम १-१९ सम्मका सबै वडा कार्यालयहरुका वडा प्रमुखहरु मार्फत खाद्य सामग्री जिन्सी पेश्की बुझी भरपाई गरी वितरण भै रहेकोमा उप-महानगरपालिकाका १-१९ वडाहरु मध्ये वडा नं. १, २, ४, ५ र १२ मा आपूर्तिकर्ता ठाकुर ट्रेड लिंकबाट आपूर्ति भएको खाद्य सामग्री मध्ये मध्य मसिना चामलमा केहि बोराहरुमा न्यून गुणस्तरको चामल भेटिएको भनी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९१ (१) को कानूनी व्यवस्था बमोजिम उल्लिखित तत् तत् वडाका वडा प्रमुख (वडाध्यक्ष र वडा सचिवहरु समेत) बाट निरीक्षण गर्दा केहि कट्टा(चामल बोरा) हरुमा खाद्य सामग्री मध्ये, केहि परिमाणका मध्य मसिना चामल न्यून गुणस्तर भएको पाइएकोले उल्लिखित नियमावलीको नियम ९१ को उप-नियम (१) बमोजिम यथार्थ पहिचान गरी निर्णय निकास लिन नगरपालिकाको मिति २०७७/०१/३१ गतेको कार्यपालिकाको बैठकको निर्णय नं. १ बमोजिम छानबिन समितिले मिति २०७७/०२/०६ मा नगर कार्यपालिका बैठक समक्ष छानबिन प्रतिवेदन पेश गर्दा २००१० किलो मध्य मसिना चामल न्यून गुणस्तरको भएको प्रतिवेदन दिइएको। साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कैलालीले यस बाहेक समेत वडा नं. ५ मा रहेको ३० किलो प्याकको ४६५० किलो चामलको Sample गुण नियन्त्रण कार्यालय, कैलालीको मिति २०७७/०२/०९ गतेको च.नं. २१९ को प्राप्त पत्रबाट नमुना परिक्षण (विश्लेषण प्रतिवेदन) प्राप्त भएकोमा उल्लिखित पत्रानुसार उल्लिखित ४६५० किलो चामल न्यून गुणस्तरयुक्त भएको भनी विश्लेषण प्रतिवेदन प्राप्त भएकोले उल्लिखित नियमावलीको नियम ९१ को उपनियम (१) को प्रचलित कानूनी व्यवस्था बमोजिम सम्बन्धित वडाका प्रमुखहरुको निरीक्षणका आधारमा जम्मा २४,६५० किलो चामल न्यून गुणस्तरको भएको देखिएकोले उक्त न्यून गुणस्तरको चामल यस कार्यालय र आपूर्तिकर्ताबीच भएको खरिद सम्झौताको शर्त बमोजिम फिर्ता लिन आपूर्तिकर्ता (ठाकुर ट्रेड लिंक ) लाई निर्देशन दिने र निर्णय गर्नुपर्ने खरिद सम्झौताको कानूनी व्यवस्था भएता पनि उल्लिखित न्यून गुणस्तरको चामल सिल भएकोले उक्त न्यून गुणस्तरको Sealed चामल हाललाई मुचुल्का गराइ सुरक्षित राख्न लगाउने र बाँकी गुणस्तरीय प्रमाणित चामलको हकमा स्वीकृत राहत वितरण मापदण्ड, २०७६ को कानूनी व्यवस्था बमोजिम वितरण गर्न आवश्यक व्यवस्थापन गर्न तत् तत् वडा कार्यालयका वडा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ३**

Lockdown को विकराल समस्यामा यस उप-महानगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका क्वारेन्टाइन लगायतका ठाउँहरुमा विभिन्न सवारी साधन संचालन गरी संकट व्यवस्थापनमा २४ घण्टा खटिएका टिपर चालकहरुलाई लकडाउनको अवधिमा प्रशासनले काम सम्पन्न गरेको प्रमाणितको आधारमा मिति २०७७/०१/२० देखी लकडाउन अवधिमा काममा लगाएको दिनमा प्रतिदिन रु. ३००।- का दरले टिपर चालकहरुलाई भुक्तानी लेख्ने निर्णय गरियो। सो सुविधा Lockdown अवधिभरको लागि दमकलका ड्राइभर राकेश चौधरी समेतलाई उल्लिखित प्रतिदिनको आधारले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो। साथै उल्लिखित सेवा सुविधा (खाजा खर्च) रकम कोभिड-१९ कोष खाताबाट खर्च लेख्ने अख्तियारी दिने निर्णय गरियो।

निर्णय बन्द
२०७७।०१।१५
बेलुका ५:०० बजे

Scanned with CamScanner